CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

# चन्द्रगिरि हिल्स लिमिटेडको



## जग्गा खरिद गर्न चाहने इच्छुक व्यक्ति, फर्म वा संस्थाहरूलाई सिलबन्दी बोलपत्र पेस गर्नेबारे सूचना

**(प्रथमपटक प्रकाशन मिति : २०७७/१२/२२ गते आइतबार)**

यस चन्द्रागिरि हिल्स लिमिटेड (यसपछि विक्रेता भनिएको)को नाममा रहेको तपसिलमा उल्लेख गरिएबमोजिमको कित्तामा रहेको जग्गा मिति २०७७/१२/१० गते बसेको सञ्चालक समितिको निर्णयानुसार बिक्री गर्न लागिएकोले उक्त जग्गा खरिद गर्न चाहने व्यक्ति, फर्म वा संस्थाहरूबाट बोलपत्र आह्वान गरिएको छ ।

इच्छुक बोलपत्रदाताले यस कम्पनीको कार्यालयमा रु. २,०००/- (फिर्ता नहुने) दस्तुरसहित लिखित निवेदन पेस गरी बोलपत्रसम्बन्धी कागजात खरिद गर्न सक्नेछन् । सिलबन्दी बोलपत्र पेस गर्दा धरौटीबापत कबोल रकमको ५% ले हुने रकम यस कम्पनीको नाममा ग्लोबल आइएमई बैंक लि. थानकोट शाखामा रहेको खाता नं. ९००१०१००००००६२ मा जम्मा गरेको भौचर सक्कल प्रति संलग्न राखी यस सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात् २०७८ वैशाख ५ गते साँझ ५:०० बजे (कार्यालय समय) भित्र यस कम्पनीको कार्यालय थानकोट- ४ काठमाडौंमा रहेको प्रशासन विभागमा देहायका सर्तहरूको अधीनमा रही सिलबन्दी आवेदनपत्र पेस गर्नुहुन सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै माथि उल्लेख भएबमोजिमको धरौटी रकम जम्मा गरेको भौचर पेस नगर्ने बोलपत्रदाताको बोलपत्रउपर कुनै कारबाही हुनेछैन । प्राप्त सिलबन्दी बोलपत्रहरूमध्ये सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको कबोल रकम यस कम्पनीलाई उपयुक्त लागेमा त्यस्तो बोलपत्र स्वीकृत गरिनेछ । बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले १५ दिनभित्रमा स्वीकृत कबोल रकममा धरौटीबापत राखेको रकम कट्टा गरी बाँकी रकम यस कम्पनीको खातामा जम्मा गरेको बैंक भौचर पेस भएको मितिले सात दिनभित्र सम्बन्धित मालपोत कार्यालयमा राजीनामा पास गरी हक हस्तान्तरण गरिनेछ । राजीनामा पास गर्दा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई तिर्नुपर्ने सम्पूर्ण शुल्क, दस्तुर वा करहरूसमेत क्रेताले नै व्यहोर्नुपर्नेछ । तोकिएको म्यादभित्र उपरोक्तबमोजिमको रकम जम्मा नभएमा धरौटी वा बैंक जमानत रकम जफत गरिनेछ । अन्य बोलपत्रदाताहरूको धरौटी रकम बिक्री प्रक्रियाको टुंगो लागेपछि फिर्ता गरिनेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक पूर्ण रूपमा मात्र स्वीकृत गर्ने अधिकार विक्रेता कम्पनीमा निहित रहनेछ । यस सम्बन्धमा थप जानकारीका लागि यस कम्पनीको कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ । साथै बोलपत्र आह्वानसम्बन्धी सूचना तथा अन्य कागजात यस संस्थाको वेबसाइट info @chandragirihills.com or www.chandragirihills.com मा समेत हेर्न सकिनेछ ।

### बिक्री गरिने जग्गाको विवरण :

यस चन्द्रागिरि हिल्स लिमिटेडको नाममा रहेको काठमाडौं जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं ७ थानकोट, (साबिक थानकोट महादेवस्थान गा.वि.स) अन्तर्गत त्रिभुवन पार्कको पछाडि थानकोट गोदाम तथा चन्द्रागिरि हिल्स लिमिटेडको कार्यालय जाने मुख्य सडकसँग जोडिएको कित्ता नं ६ मा ६-६-२-० र कित्ता नं ३५० मा ०-१३-०-० समेत गरी जम्मा ७ रोपनी ३ आना २ पैसा ० दाम क्षेत्रफल भएको जग्गा बिक्री गर्न लागिएको ।

### आवश्यक कागजातहरू :

- जग्गा खरिद गर्ने व्यक्ति भएको खण्डमा आवेदनको साथ नागरिकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नुपर्ने ।
- कम्पनी, फर्म वा संस्थाले खरिद गर्ने भएमा उक्त कम्पनी, फर्मको अद्यावधिकसहित कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, घर/जग्गा खरिद बिक्री गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णयको प्रतिलिपि, व्यक्ति वा कम्पनीको नाममा रहेको स्थायी लेखा नं.को प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र कम्पनी, फर्म वा संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपिसमेत संलग्न गरी आवेदन पेस गर्नुपर्नेछ ।
- जग्गा खरिदको लागि प्राप्त आवेदनहरू कुनै कारण देखाई वा नदेखाई सो आवेदन स्वीकार गर्ने वा नगर्ने वा सम्पूर्ण प्रक्रिया रद्द गर्ने लगायत सम्पूर्ण अधिकार यस कम्पनीमा नै सुरक्षित रहनेछ ।